राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३९ २०८३ भदौ ११ गते बिहिवार (27 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

रसुवामा बाढीको कहर

# १७ शव फेला, २६ प्रहरी र ३८४ पर्यटक सम्पर्कविहीन

## तिब्बततर्फबाट आएको आकस्मिक बाढीले टिमुरे, स्याफ्रुबेँसी र रसुवागढीसहितका क्षेत्रमा व्यापक क्षति, १९ भन्दा बढी पुल र ४० किलोमिटर सडक प्रभावित; नुवाकोटसम्म बाढीको प्रभाव



दैनिक समाचारदाता
काठमाडौँ, १० भदौ । तिब्बततर्फबाट अचानक आएको बाढीले रसुवा र नुवाकोटमा ठूलो जनधन तथा भौतिक क्षति पुऱ्याएको छ। भोटेकोशी नदीमा आएको अप्रत्याशित बाढीमा परी हालसम्म १७ जनाको शव फेला परेको छ भने नेपाल प्रहरीका २६ जना सम्पर्कविहीन छन्। बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, उपचार तथा राहत कार्य तीव्र पारिएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार तीनमुरे, स्याफ्रुबेँसी, मैलुङ र रसुवागढीमा कार्यरत २६ जना प्रहरीको अवस्था अज्ञात छ। उनीहरूको खोजी तथा उद्धारका लागि सुरक्षा निकायले आवश्यक जनशक्ति र स्रोतसाधन परिचालन गरेको छ।

बाढीले विशेषगरी टिमुरे, स्याफ्रुबेँसी र रसुवागढी क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। स्थानीय जनप्रतिनिधिका अनुसार टिमुरे बजारका धेरै घर तथा संरचना बगेका छन्। सञ्चार सम्पर्क विच्छेद भएकाले प्रभावित क्षेत्रका नागरिकको अवस्था र क्षतिको पूर्ण विवरण संकलनमा कठिनाइ भइरहेको छ।

गोसाइँकुण्ड गाउँपालिका(२ का वडासदस्य पेमा दोर्जे घलेका अनुसार बिहान करिब साढे ८ बजे ठूलो आवाजसहित आएको बाढीले केही क्षणमै टिमुरे बजारमा ठूलो क्षति पुऱ्याएको थियो। बजारमा सयभन्दा बढी घर तथा अन्य संरचना रहेकामा धेरैजसो बाढीको चपेटामा परेको हुनसक्ने उनले बताए। ज्यान जोगाएका स्थानीय डाँडातर्फ आश्रय लिएर बसेका छन् भने उनीहरूलाई खानेपानी, खाद्यान्न र अन्य अत्यावश्यक सामग्रीको आवश्यकता परेको छ।

गोसाइँकुण्ड गाउँपालिका(६ धुन्चेका वडाध्यक्ष दावा सिदार वाइबाले धुन्चेबाट स्याफ्रुबेँसी हुँदै टिमुरेसम्म सञ्चार सम्पर्क हुन नसकेको जानकारी दिए। टेलिफोन टावरलगायत सञ्चार संरचनामा क्षति पुगेका कारण प्रभावित क्षेत्रमा रहेका नागरिकको अवस्थाबारे तत्काल जानकारी लिन कठिन भएको उनले बताए।

***सुरक्षाकर्मी प्रभावित***

बाढीले रसुवागढी भन्सार कार्यालय, यार्ड तथा आसपासका संरचनामा समेत ठूलो क्षति पुऱ्याएको छ। अर्थ मन्त्रालयका अनुसार भन्सार यार्डमा रहेका अधिकांश सवारीसाधन बाढीले बगाएको प्रारम्भिक विवरण प्राप्त भएको छ। ज्यान जोगाउन ***रसुवागढी भन्सार र*** कर्मचारीहरू सुरक्षित स्थानतर्फ लागेकाले उनीहरूको अवस्थाबारे विवरण संकलनमा समय लागेको मन्त्रालयले जनाएको छ।

रसुवागढी भन्सारमा ३६ जनाको दरबन्दी रहेकामा दुई जना कर्मचारी बिदामा रहेको र बाँकी कर्मचारीको अवस्थाबारे विवरण संकलन भइरहेको जनाइएको छ।

बाढीले इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी स्याफ्रुबेँसी र प्रहरी चौकी रसुवागढीमा समेत क्षति पुऱ्याएको छ। त्यहाँ कार्यरत प्रहरी कर्मचारीको अवस्थाबारे विस्तृत विवरण आउन बाँकी छ। सीमा क्षेत्रमा खटिएका सशस्त्र प्रहरीतर्फका नौ जना पनि सम्पर्कविहीन रहेको जनाइएको छ।

***३८४ पर्यटक सम्पर्कविहीन***

बाढीपछि विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड तथा कैलाश मानसरोवर यात्रामा गएका ३८४ पर्यटक सम्पर्कविहीन रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ। बोर्डका अनुसार सम्पर्कविहीनमध्ये २९१ विदेशी र ९३ नेपाली पर्यटक छन्।

बोर्डका निमित्त प्रमुख कार्यकारी

बाँकी पृष्ठ ३ मा

# चिनीको मूल्य बढेपछि उपभोक्ता मारमा

## भारतीय बजारमा प्रतिकिलो भारु ७२ पुग्यो, वीरगन्जमा १३०-१३५ रुपैयाँ; साल्ट ट्रेडिङमा चिनी नआउँदा अभाव

दैनिक समाचारदाता
वीरगन्ज, १० भदौ । वीरगन्जको स्थानीय बजारमा चिनीको मूल्य ह्वात्तै बढेपछि उपभोक्ता मारमा परेका छन्। व्यवसायीका अनुसार सीमावर्ती भारतीय बजारमा एकाएक चिनीको मूल्य बढेपछि त्यसको प्रत्यक्ष प्रभाव वीरगन्जको बजारमा परेको हो।

व्यवसायीले भारतीय बजारमै चिनीको मूल्य आकासिएपछि वीरगन्जमा पनि मूल्य बढ्नु स्वाभाविक भएको बताएका छन्। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले चिनी उपलब्ध नगराउँदा स्थानीय बजार भारतीय बजारमा निर्भर हुनुपरेको उनीहरूको भनाइ छ।

सीमापारिको भारतीय बजार रक्सौलमा केही दिनअघिसम्म प्रतिकिलो भारु ४८ अर्थात् नेपाली ७६-७७ रुपैयाँमा



बाँकी पृष्ठ ३ मा

# मिटरब्याज अभिव्यक्तिको विरोधमा सांसद यादवको पुत्ला दहन

दैनिक समाचारदाता
सिरहा, १० भदौ । मिटरब्याजसम्बन्धी सांसद तपेश्वर यादवको अभिव्यक्तिको विरोधमा सिरहाको मिर्चैयामा मिटरब्याजपीडितहरूले प्रदर्शन गर्दै उनको पुत्ला दहन गरेका छन् ।


मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल, सिरहाको आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले प्रतिनिधिसभामा सांसद यादवले मिटरब्याजसम्बन्धी विषयमा दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका हुन् ।




प्रदर्शनकारीका अनुसार सांसद यादवले संसद्मा मिटरब्याजपीडितमध्ये अधिकांश साहु र थोरै मात्र ऋणी पीडित रहेको आशयको अभिव्यक्ति दिएका थिए । उक्त अभिव्यक्तिले मिटरब्याजपीडितहरूको समस्या र पीडालाई गलत ढंगले प्रस्तुत गरेको भन्दै उनीहरूले विरोध

बाँकी पृष्ठ ३ मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# बढ्दो सामाजिक अपराध : एक समीक्षा

## सम्पादकीय

### गलत मेडिकल रिपोर्टमाथि कठोर निगरानी

यौनजन्य अपराधका घटनामा पीडितको स्वास्थ्य परीक्षण केवल चिकित्सकीय प्रक्रिया होइन, न्याय प्राप्तिको महत्वपूर्ण आधार पनि हो। यस्तो संवेदनशील घटनामा तयार हुने मेडिकल रिपोर्टको एउटा गलत निष्कर्षले पीडितको न्यायको बाटो अवरुद्ध गर्न सक्छ र दोषीलाई उन्मुक्ति पाउने अवस्था सिर्जना गर्न सक्छ। उच्च अदालत जनकपुरधामले दुई चिकित्सकलाई गलत स्वास्थ्य परीक्षण प्रतिवेदन तयार पारेको ठहर गर्दै गरेको फैसला यही गम्भीर पक्षतर्फ राज्य र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने महत्वपूर्ण नजिर हो।

करिब आठ वर्षअघि धनुषाको जनकनन्दिनी गाउँपालिका-४, खजुरीमा १२ वर्षीया बालिकामाथि भएको बलात्कार घटनामा एउटै घटनाको दुई फरक मेडिकल रिपोर्ट आउनु आफैंमा गम्भीर विषय थियो। पहिलो प्रतिवेदनमा बलात्कारको लक्षण नदेखिएको उल्लेख गरिए पनि पुनः परीक्षण गर्दा बलात्कार भएको देखिने प्रतिवेदन आएको थियो। यस्तो विरोधाभासले चिकित्सा कानुनी परीक्षणको विश्वसनीयतामाथि स्वाभाविक प्रश्न उठाउँछ।

उच्च अदालतले चिकित्सकद्वय डा. विजयकुमार सिंह र डा. रम्भा गोइतलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना गर्ने फैसला गरेको छ। तर यस फैसलाको महत्व सजाय तोकिएको विषयमा मात्र सीमित छैन। अदालतले चिकित्सा कानुनी परीक्षण प्रणालीलाई नै सुधार गर्न सम्बन्धित निकायलाई दिएको निर्देशन अझ महत्वपूर्ण छ।

यौनजन्य हिंसाका पीडित, विशेषगरी बालिकाको स्वास्थ्य परीक्षण गर्दा चिकित्सकले अत्यन्त संवेदनशील, निष्पक्ष र वैज्ञानिक दृष्टिकोण अपनाउनुपर्छ। परीक्षणका क्रममा पीडितको गरिमा, गोपनीयता र सूचित सहमतिको सम्मान हुनुपर्छ। चिकित्सकीय आचारसंहिता र प्रचलित कानुनको पालना गर्दै वैज्ञानिक रूपमा आवश्यक र औचित्यपूर्ण परीक्षण मात्र गरिनुपर्छ। कुनै पूर्वाग्रह, लापरबाही वा बाह्य प्रभावले मेडिकल रिपोर्ट प्रभावित हुनु न्यायिक प्रणालीकै लागि घातक हुन्छ।

अदालतले चिकित्सा कानुनी परीक्षणको गुणस्तर, विश्वसनीयता र एकरूपता कायम गर्न मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगलाई दिएको निर्देशन कार्यान्वयनमा जानु आवश्यक छ। चिकित्सा तथा फोरेन्सिक मेडिसिनको पाठ्यक्रम परिमार्जन, विशेषज्ञ जनशक्तिको उत्पादन, चिकित्सकको विशेष तालिम तथा क्षमता अभिवृद्धि र स्पष्ट मापदण्ड निर्माणमा अब ढिलाइ गरिनु हुँदैन।

त्यसैगरी मेडिकल परीक्षणदेखि प्रमाण संकलन, अभिलेखीकरण, प्रतिवेदन तयारी, संरक्षण र अदालतमा विशेषज्ञ साक्षी प्रस्तुत गर्नेसम्मका सबै चरणलाई स्पष्ट कार्यविधि र प्रोटोकलबाट व्यवस्थित गर्नुपर्छ। एउटै घटनामा फरक-फरक र परस्पर विरोधी प्रतिवेदन आउने अवस्था दोहोरिन नदिन संस्थागत संयन्त्र बलियो बनाउन आवश्यक छ।

बलात्कार तथा अन्य यौनजन्य अपराधका पीडितलाई न्याय दिलाउने क्रममा मेडिकल रिपोर्ट महत्वपूर्ण प्रमाण बन्न सक्छ। त्यसैले यस्तो रिपोर्टमा हुने त्रुटि सामान्य प्रशासनिक कमजोरी होइन, व्यक्तिको न्यायको अधिकारसँग जोडिएको गम्भीर विषय हो। गलत प्रतिवेदनले पीडितलाई थप पीडा दिनुका साथै न्यायिक प्रक्रियामाथिको जनविश्वाससमेत कमजोर पार्छ।

अदालतको पछिल्लो फैसला सम्बन्धित चिकित्सकलाई दण्डित गर्ने घटनाभन्दा माथि उठेर चिकित्सा कानुनी प्रणाली सुधार्ने अवसरका रूपमा लिनुपर्छ। अदालतले औंल्याएका सुधारात्मक निर्देशनलाई कागजमै सीमित नराखी व्यवहारमा लागू गर्न सके मात्र यौनजन्य अपराधका पीडितले निष्पक्ष न्याय पाउने वातावरण बलियो हुनेछ। राज्यले अब चिकित्सा परीक्षणलाई औपचारिकता होइन, न्यायको संवेदनशील र वैज्ञानिक आधारका रूपमा स्थापित गर्नुपर्छ।

## तपाईंको आज

- मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
- वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
- मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
- कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
- सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
- कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
- तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
- वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
- धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
- मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
- कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
- मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।



प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

समाज भनेको असल र खराब दुवै प्रवृत्तिका मानिसहरूको साझा संरचना हो। जब समाजमा अपराधी प्रवृत्तिहरू हाबी हुन थाल्छन्, त्यसले समाजको शान्ति, स्थिरता, सुरक्षा र विकासलाई गम्भीर चुनौती दिन्छ।

संसारको कुनै पनि समाज पूर्ण रूपमा अपराधमुक्त छैन। फरक यति हो कि विभिन्न देश र समाजमा अपराधका स्वरूप र प्रकृति फरक-फरक छन्। उदाहरणका लागि, अमेरिकामा बन्दुकसँग सम्बन्धित हिंसा र सामूहिक गोलीकाण्ड गम्भीर चुनौतीका रूपमा देखिन्छन्।

भारतमा बलात्कार तथा महिला हिंसाका घटना गम्भीर सामाजिक चिन्ताको विषय बनेका छन्। मेक्सिकोमा लागुऔषध कारोबारसँग जोडिएको संगठित तथा हिंसात्मक अपराध चुनौती बनेको छ। हाइटीमा सशस्त्र गिरोहको हिंसाले राज्य र नागरिक जीवनलाई नै गम्भीर संकटमा पारेको छ। त्यस्तै, दक्षिण अफ्रिकामा हत्या, डकैती, यौन अपराध तथा अन्य हिंसात्मक अपराध लामो समयदेखि सामाजिक चुनौतीका रूपमा रहेका छन्।

यी उदाहरणहरूलाई हेर्दा एउटा प्रश्न उठ्छ–शान्ति र सुरक्षा कहाँ छ? वास्तवमा शान्ति बाहिरबाट कसैले आएर कायम गरिदिने विषय होइन। राज्यले कानुन, सुरक्षा र न्यायको व्यवस्था गर्नुपर्छ; तर समाजमा शान्ति कायम गर्ने पहिलो जिम्मेवारी प्रत्येक नागरिकको हो।

देश र समाजमा शान्ति र सुरक्षा ,सरकार वा सुरक्षा निकायले मात्र कायम गर्ने विषय होइन; व्यक्ति-व्यक्ति मिलेर निर्माण गर्ने सामाजिक संस्कार, समाजमा शान्ति कायम गर्ने एउटा महत्त्वपूर्ण आयाम हो। मानव जातिको मूल उद्देश्य केवल आर्थिक समृद्धि वा भौतिक विकास मात्र नभई , शान्त, सुरक्षित, न्यायपूर्ण र मानवीय समाज निर्माण गर्नु पनि हुनुपर्छ। अपराध नियन्त्रणको जिम्मेवारी राज्यको हो, तर अपराधरहित र शान्त समाज निर्माण गर्ने जिम्मेवारी हामी सबैको हो।

संसारमा कतिपय देशमा अपराध सामान्य सामाजिक समस्याको सीमा नाघेर राष्ट्रिय संकट बनेका छन्। यसबाट एउटा महत्त्वपूर्ण कुरा बुझ्नुपर्छ– अपराध हुँदैमा समाज नै खराब हुँदैन र केही व्यक्ति अपराधी हुँदैमा सम्पूर्ण समाज अपराधी हुँदैन। प्रश्न यो हो कि समाज र राज्यले अपराधलाई कसरी नियन्त्रण गर्छन्, अपराधीलाई कानुनको दायरामा कसरी ल्याउँछन् र नयाँ अपराधी उत्पादन हुन नदिन सामाजिक वातावरण कसरी निर्माण गर्छन्।

तर पनि समाजले शान्ति, आफ्नो अस्तित्व र सभ्यता कायम राख्न निश्चित नियम, मूल्य, मान्यता र कानुन बनाएको हुन्छ। ती नियम विपरीत गम्भीर अपराध गर्ने व्यक्तिमाथि अनुसन्धान र अभियोजनको प्रक्रिया अघि बढाइन्छ र अन्ततः अदालतको निर्णयबाट दोषी ठहरिएपछि कानुनअनुसार सजाय दिइन्छ।

जेल तथा सुधारगृहको व्यवस्था पनि यही न्यायिक प्रणालीको एउटा महत्त्वपूर्ण अंग हो। यसको उद्देश्य अपराधीलाई सजाय दिनु मात्र होइन; समाजलाई सुरक्षित राख्नु, कानुनको शासन कायम गर्नु र सम्भव भएसम्म अपराधीलाई सुधार गरी पुनः समाजमा जिम्मेवार नागरिकका रूपमा फर्काउने वातावरण तयार गर्नु पनि हो।

अपराधमुक्त समाज सम्भव नहोला, तर अपराध नियन्त्रण गर्न सक्ने, अपराधीलाई कानुनी दायरामा ल्याउन सक्ने र अपराधको सामाजिक आधार कमजोर बनाउन सक्ने सभ्य समाज अवश्य निर्माण गर्न सकिन्छ।

त्यसैले प्रत्येक समाजको लक्ष्य “अपराध कहिल्यै नहुने समाज” को कल्पना मात्र गर्नु होइन; अपराध हुँदा पीडितले न्याय पाउने, अपराधीले कानुनअनुसार सजाय पाउने र समाजले भविष्यमा त्यस्तो अपराध दोहोरिन नदिने वातावरण निर्माण गर्नु हो। यही नै कानुनी शासन, सामाजिक जिम्मेवारी र सभ्य समाजको वास्तविक पहिचान हो।

विश्वमा भइरहेका सामाजिक अपराधबाट हाम्रो देश पनि अछुतो रहन सकेको छैन। तर सामाजिक अपराधका घटनाहरूलाई जुन किसिमले केही अभियन्ताहरूले उचालिरहेका छन्, त्यसरी हेर्दा हालको नयाँ सरकार आउनुभन्दा पहिले यस्ता अपराधका घटना कहिल्यै नघटेको जस्तो गरी प्रस्तुत गरिरहेका देखिन्छ। अवश्य पनि, देशमा केही सामाजिक अपराधका घटनाहरू बढेका छन्। ती बढ्नुका धेरै कारणमध्ये दुईवटा परिदृश्यलाई यहाँ चर्चा गर्न गइरहेको छु।

*दृश्य एक*

हाम्रो देश नेपालमा पछिल्ला दिनहरूमा सामाजिक अपराधका घटनाहरू बढ्दै गएको देखिन्छ। बलात्कारपछि हत्यादेखि सामान्य विवादमा समेत ज्यान लिने घटना तथा मानवीय संवेदनशीलता र सहिष्णुता घट्दै जानु गम्भीर चिन्ताको विषय हो।

यस्ता घटना भएपछि सामाजिक अभियन्ताहरू सडकमा उत्रिनु, आवाज उठाउनु र पीडितका पक्षमा बोल्नु स्वाभाविक र आवश्यक पनि हो। तर एउटा प्रश्न गम्भीर रूपमा उठाउनुपर्ने बेला आएको छ–घटना घटिसकेपछि सडकमा प्रदर्शन गरेर मात्र सामाजिक अपराध घटाउन सकिन्छ त ?

कतिपय अवस्थामा विरोध प्रदर्शन पीडितलाई न्याय दिलाउनेभन्दा पनि आफूलाई सामाजिक अभियन्ताका रूपमा प्रस्तुत गर्ने, सञ्चारमाध्यम र सामाजिक सञ्जालमा चर्चित हुने माध्यममा सीमित भएको देखिन्छ। यदि हाम्रो उद्देश्य वास्तवमै अपराध न्यूनीकरण र सभ्य समाज निर्माण हो भने, घटना घटिसकेपछि विरोध गर्नु मात्र पर्याप्त हुँदैन; घटना हुन नदिन सामाजिक वातावरण निर्माण गर्नु अझ महत्त्वपूर्ण हुन्छ।

आज सामाजिक सञ्जाल हाम्रो समाजको अभिन्न हिस्सा बनेको छ। अर्कोतिर, सामाजिक सञ्जालको अनियन्त्रित र गैरजिम्मेवार प्रयोग पनि मुख्य समस्या बनेको छ। सामाजिक सञ्जाल समाजलाई जोड्ने माध्यम हुनुपर्नेमा समाजलाई भड्काउने, नागरिकलाई दुविधामा पार्ने र व्यक्तिगत वा समूहगत स्वार्थका लागि मानिसको भावनासँग खेल्ने थलो बनेको छ।

भ्रामक तथ्य फैलाउने, कानुनी प्रक्रियालाई प्रभाव पार्ने गरी अफवाह फैलाउने र सस्तो लोकप्रियताका लागि मानिसहरूलाई उत्तेजित बनाउने कार्यले समाजमा अराजकता बढाएको छ। जबसम्म सामाजिक सञ्जालमा हुने यस्ता भ्रामक र उत्तेजक स्टन्टबाजीलाई नियन्त्रण र निरुत्साहित गरिँदैन, तबसम्म अपराधको मानसिक जग भत्किन सक्दैन।

त्यसैले सामाजिक अभियन्ता हुनु भनेको केवल विरोध गर्नु होइन; समाजलाई सही दिशा दिनु पनि हो। युवालाई हिंसा होइन, संवाद सिकाउनु; विवादलाई कुटपिट होइन, कानुनी प्रक्रियाबाट समाधान गर्न प्रेरित गर्नु; महिलामाथि हुने हिंसाविरुद्ध निरन्तर जनचेतना फैलाउनु र सामाजिक सञ्जाललाई जिम्मेवार तथा मर्यादित बनाउन अभियान चलाउनु पनि सामाजिक अभियानकै हिस्सा हो। हामीले अब एउटा गम्भीर प्रश्न आफैंलाई सोध्नुपर्छ–हामी अपराधविरुद्ध लडिरहेका छौँ कि अपराध भएपछि त्यसलाई प्रदर्शनको विषय बनाइरहेका छौँ?

अपराध भएपछि विरोध गर्ने समाजभन्दा अपराध हुन नदिने संस्कार निर्माण गर्ने समाज आजको आवश्यकता हो। सभ्य समाज केवल कानुनले बन्दैन; जिम्मेवार नागरिक, संवेदनशील समाज र सही सामाजिक संस्कारले बन्छ।

*दृश्य दुई*

अपराधको पराकाष्ठा देख्दा समाजबाट “अपराधीलाई फाँसी दे” भन्ने आक्रोशपूर्ण आवाज उठ्नु मानवीय र स्वाभाविक प्रतिक्रिया हो। तर के फाँसी वा कडा सजाय मात्रै अपराध रोक्ने अचुक औषधि हो?

गम्भीर अपराधमा कानुनअनुसार कडा सजाय आवश्यक हुन सक्छ, तर अपराधको समाधान केवल सजायको कठोरतामा मात्र खोज्नु पर्याप्त हुँदैन। यसको पछाडि रहेको राज्यको फितलो प्रणालीलाई गम्भीरताका साथ मन्थन गर्नुपर्ने बेला आएको छ।

अपराध एक्लै जन्मिँदैन; यसलाई मौलाउन विभिन्न कारणले भूमिका खेलेका हुन्छन् ।पहिलो, भ्रष्टाचार र कमजोर कानुन कार्यान्वयन: जब देशमा भ्रष्टाचार संस्थागत हुन्छ, तब न्याय बिक्री हुन थाल्छ। “ठूलालाई चयन, सानालाई ऐन” भन्ने परिस्थिति बन्दा अपराधीहरूमा कानुनको डर हराउँदै जान्छ। पहुँचवालाहरू अपराध गरेर पनि सजिलै छुट्ने परिपाटीले समाजमा दण्डहीनता बढाउँछ, जसले अरूलाई पनि अपराध गर्न हौसला दिन्छ।

दोस्रो, बेरोजगारी र आर्थिक निराशाः युवाहरूमा रोजगारी र भविष्यको ग्यारेन्टी नहुँदा सिर्जना हुने निराशाले धेरैलाई गलत बाटोमा धकेल्न सक्छ। बेरोजगारीले मानसिक तनाव, लागूपदार्थको कुसङ्गत र ग्याङ/संगठित अपराधतिर आकर्षित गराउन सक्छ। आर्थिक अभावकै कारण ससाना विवादमा हिंसा र लुटपाटजस्ता घटनाहरू पनि घट्ने गर्छन्।

तेस्रो, नेताहरूको राज्य सञ्चालन र राजनीतिक संरक्षण : नेताहरूले राज्य सञ्चालनलाई चुस्त बनाउनुको साटो आफ्ना कार्यकर्ता र आपराधिक चरित्रका मानिसहरूलाई राजनीतिक संरक्षण दिने गर्दा समाज असुरक्षित बनेको छ। राजनीतिक आडमा हुने अपराधले समाजमा मानवीय संवेदनशीलतालाई नै कमजोर बनाएको छ।

चौथो, सामाजिक असमानताः धनी-गरिबबीचको अन्तरले असन्तोष जन्माउँछ, जुन कहिलेकाहीँ अपराधमा परिणत हुन सक्छ।

अन्तमा अपराधीलाई सजाय दिनु राज्यको कर्तव्य हो। फाँसीको मागले तत्कालको आक्रोश व्यक्त गर्न सक्छ; तर यसले मात्र दीर्घकालीन समाधान दिँदैन। जबसम्म अपराध जन्माउने कारणहरू नियन्त्रण गरिँदैनन् र राज्य प्रणालीमा सुधार हुँदैन, तबसम्म अपराधको जग भत्किँदैन।

अपराधीलाई रुखका पात छाँटेझैँ सजाय दिएर मात्र पुग्दैन; अपराध जन्माउने ‘जरा’ अर्थात् राजनीतिक र सामाजिक खराबीलाई उखेल्नु नै दिगो समाधान हो। अपराधी मात्र बदल्ने होइन, अपराध जन्माउने वातावरण पनि बदल्नुपर्छ। यही दृष्टिकोणबाट मात्र सुरक्षित, न्यायपूर्ण र सभ्य समाज निर्माण गर्न सकिन्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१–५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा–१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१–५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१–५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१–५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१–५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१–५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१–५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१–५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१– |
| मुजेलिया प्रहरी चौकी | ०४१–५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१–५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१–५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१–५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१– |
| बरुण यन्त्र जउमनपा | ०४१–५२००११ |
| बस पार्क | ०४१–५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१–५२००४४ |
| बुद्ध एयर | ०४१–५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१–५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१–५२०१५१ |
| जानकी केवुल | ०४१–५२३७२८ |
| शाह केबुल | ०४१–५२४७२२ |

## १७ शव फेला....

अधिकृत हिक्मतसिंह ऐरका अनुसार सम्राट टुर्स एण्ड ट्राभलमार्फत गएका ७१, काठमाडौं होलिडे टुर्स एण्ड ट्राभलका १७, लिफ होलिडेका ५५, कैलाश जर्नीका ३१, एक्सप्लोर भ्याकेशनका सात र ट्रेकर सोसाइटीमार्फत गएका ९२ जना सम्पर्कविहीन छन्।

त्यस्तै, रिचा टुर्स एण्ड ट्राभलका १२, फिस्टेल टुर्स एण्ड ट्राभलका २७, हिमालयन ग्लेसियरका ५२ र अल्पाइन इको ट्रेकमार्फत गएका २० जना पर्यटक पनि सम्पर्कविहीन रहेको बोर्डले जनाएको छ।

उनीहरूको अवस्था पत्ता लगाउन पर्यटन प्रहरी, स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकाय परिचालन गरिएको छ। पर्यटन बोर्डले आवश्यक जानकारी वा सहयोगका लागि टोल फ्री नम्बर १२३४, हटलाइन ११४४ तथा पर्यटन प्रहरीको ९८५१२८९४४५ नम्बरमा सम्पर्क गर्न आग्रह गरेको छ।

*१९ भन्दा बढी पुल र ४० किलोमिटर सडकमा क्षति*

बाढीका कारण त्रिशूली नदीमाथिका १९ भन्दा बढी पुलमा क्षति पुगेको सडक विभागले जनाएको छ। विभागका प्रवक्ता शुभराज न्यौपानेका अनुसार चीनतर्फको सीमाबाट आएको बाढीले करिब ४० किलोमिटर सडकसमेत अवरुद्ध भएको छ।

बाढी प्रभावित क्षेत्रमा सडक खुलाउन तथा उद्धार कार्यमा सहयोग पुऱ्याउन आवश्यक मेसिन तथा उपकरण परिचालन गरिएको विभागले जनाएको छ। पुल र सडकमा क्षति पुगेका कारण प्रभावित क्षेत्रमा स्थलगत उद्धार तथा राहत सामग्री पुऱ्याउन चुनौती देखिएको छ।

*नुवाकोटसम्म फैलियो प्रभाव*

रसुवाबाट तल्लो तटीय क्षेत्रमा आएको बाढीले नुवाकोटका विभिन्न स्थानमा समेत क्षति पुऱ्याएको छ। विदुर नगरपालिकाका मेयर राजन श्रेष्ठका अनुसार प्रारम्भिक विवरणमा वेत्रावती बजारमा ठूलो क्षति पुगेको छ। त्रिशूली बजार र देवीघाट क्षेत्रमा पनि बाढीको असर परेको छ भने सेन्ट्रल जेलसमेत डुबानमा परेको छ।

बाढीको प्रभाव धादिङतर्फसमेत पर्न सक्ने भएकाले तल्लो तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ।

*जलविद्युत् तथा विद्युत् संरचनामा क्षति*

बाढीले रसुवा र नुवाकोटका जलविद्युत् आयोजना तथा विद्युत् प्रसारण संरचनामा समेत क्षति पुऱ्याएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। रसुवागढी जलविद्युत् आयोजना, चिलिमे जलविद्युत् केन्द्र, त्रिशूली( ३ 'ए' जलविद्युत् केन्द्र तथा त्रिशूली(३ 'बी' हबअन्तर्गतको २२० केभी सबस्टेसनमा असर परेको छ। त्रिशूली र देवीघाट जलविद्युत् केन्द्र तथा विद्युत् वितरणसँग सम्बन्धित संरचनामा समेत क्षति पुगेपछि रसुवा, नुवाकोट र आसपासका क्षेत्रमा विद्युत् आपूर्ति प्रभावित भएको छ। सेवा नियमित गर्न प्राविधिक टोली परिचालन गरिएको प्राधिकरणले जनाएको छ।

*उद्धारमा सेना, प्रहरी र ड्रोन परिचालन*

उद्धार तथा राहतका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले जनशक्ति तथा आवश्यक स्रोतसाधन परिचालन गरेका छन्। नेपाली सेनाले काठमाडौंस्थित आधार क्षेत्रबाट एआई(१७ हेलिकप्टरमार्फत आपत्कालीन चिकित्सकीय उद्धार टोली प्रभावित क्षेत्रमा पठाएको छ। धुन्चे र त्रिशूलीबाट पनि उद्धार टोली परिचालन गरिएको छ।

बाढीमा फसेका तथा सम्पर्कविहीन नागरिकको अवस्थाबारे जानकारी लिन सशस्त्र प्रहरीले ड्रोन प्रयोग गरिरहेको छ। ड्रोनबाट प्रभावित क्षेत्रको अवस्थाको निरीक्षण तथा क्षतिको प्रारम्भिक मूल्याङ्कनसमेत भइरहेको छ।

रसुवागढी भन्सार तथा यार्ड क्षेत्रमा बाढी र पहिरोमा पुरिएका व्यक्तिको खोजीका लागि विशेष उद्धार टोली परिचालन गरिएको छ। जोखिमयुक्त तथा भग्नावशेषयुक्त क्षेत्रमा सम्भावित रूपमा पुरिएका व्यक्तिको खोजी तथा पहिचानलाई प्राथमिकता दिइएको छ।

गम्भीर घाइतेको उपचारका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीसहितको टोली प्रभावित क्षेत्रमा खटाइएको छ। आपत्कालीन सडक उद्धारका लागि 'मास क्याजुअल्टी भेइकल्स' सहितको मेडिकल उद्धार टोली तयारी अवस्थामा राखिएको छ। आवश्यकताअनुसार देशका अन्य स्थानमा रहेका डिजास्टर रिलिफ सिस्टम (डीआरएस) कन्टेनरसमेत प्रभावित क्षेत्रमा पठाउने व्यवस्था मिलाइएको छ।

*निजी हेलिकप्टर परिचालनमा सहजीकरण*

सरकारले उद्धार कार्यलाई तीव्र बनाउन आवश्यकताअनुसार निजी हेलिकप्टर परिचालनमा सहजीकरण गर्ने निर्णय गरेको छ। तल्लो तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिइएको छ। सम्भावित उद्धार तथा राहतका लागि हेलिकप्टरलाई तयारी अवस्थामा राख्नसमेत भनिएको छ।

*जोखिम अझै कायमै*

रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारका अनुसार बाढी अत्यन्तै अप्रत्याशित रूपमा आएको हो। नेपाली भूभागमा ठूलो वर्षा नभए पनि तिब्बततर्फबाट आएको पानीका कारण भोटेकोशीमा अचानक ठूलो बाढी आएको प्रारम्भिक अनुमान गरिएको छ।

नदी थुनिएको स्थानमा पानीको ताल अझै पूर्ण रूपमा नभरिएको भन्दै भोटेकोशी र त्रिशूली नदी आसपासका तटीय क्षेत्रमा जोखिम कायमै रहेको जनाइएको छ। अर्को सूचना जारी नभएसम्म नदी तथा खोलाको किनारबाट टाढा सुरक्षित स्थानमा रहन सर्वसाधारणलाई आग्रह गरिएको छ।

बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनसम्मका नदी तथा खोलाका तटीय क्षेत्रमा जोखिम बढ्न सक्ने भएकाले सम्बन्धित निकायले उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्। सञ्चार तथा सडक संरचना अवरुद्ध भएकाले प्रभावित क्षेत्रमा उद्धार टोली पुगेर स्थलगत निरीक्षण गरेपछि मात्रै मानवीय तथा भौतिक क्षतिको पूर्ण विवरण आउने अपेक्षा गरिएको छ।

## मिटरब्याज....

जनाएका हुन् ।

प्रदर्शनका क्रममा सहभागीहरूले सांसद यादवविरुद्ध नाराबाजी गर्दै उनको पुत्लासमेत जलाएका थिए । उनीहरूले मिटरब्याजपीडितका पक्षमा स्पष्ट धारणा सार्वजनिक गर्न तथा विवादित अभिव्यक्ति फिर्ता लिन सांसद यादवसँग माग गरेका छन् ।

त्यस्तै, प्रदर्शनकारीहरूले मिटरब्याजका कारण पीडित बनेका किसान तथा मजदुरलाई न्याय दिलाउन, समस्या दीर्घकालीन रूपमा समाधान गर्न र दोषीमाथि प्रभावकारी कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन् ।

मिटरब्याज समस्या समाधानका लागि सरकारले कानुन तथा विभिन्न संयन्त्रमार्फत पहल गर्दै आए पनि पीडितहरूले अझै न्याय नपाएको गुनासो गर्दै विभिन्न चरणमा आन्दोलन गर्दै आएका छन् ।

## चिनीको...........

बिक्री हुँदै आएको चिनी अहिले भारु ७२ अर्थात् करिब ११५ रुपैयाँ प्रतिकिलो पुगेको व्यवसायी किशोरकुमारले बताउनुभयो।

भारत सरकारले आयातमा प्रतिबन्ध लगाएपछि सीमावर्ती नाकाबाट भारतीय सुरक्षाकर्मीको आँखा छलेर चिनी भित्र्याउनुपर्ने अवस्था रहेको व्यवसायी श्यामसुन्दर यादवले बताउनुभयो। उहाँका अनुसार वीरगन्जको स्थानीय बजारमा अहिले चिनी प्रतिकिलो १३० देखि १३५ रुपैयाँसम्ममा बिक्री भइरहेको छ।

नेपालमा मागअनुसार चिनी उत्पादन नहुने भएकाले भारतीय बजारमा निर्भर हुनुपरेको यादवले बताउनुभयो।

व्यवसायी रामकृष्ण शर्माका अनुसार भारतीय बजारमा चिनी सहज रूपमा उपलब्ध हुँदा सीमावर्ती क्षेत्रमा खटिएका भारतीय सीमा सुरक्षा बल ( एसएसबी) ले चिनी ल्याउँदा खासै केरकार गर्दैनन्। तर, बजारमा अभाव भएपछि दुई-तीन किलो चिनी ल्याउनसमेत कठिन हुने गरेको उहाँले बताउनुभयो।

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रादेशिक प्रमुख अमोज लामिछानेले आर्थिक वर्ष २०८२/८३ देखि नै कर्पोरेसनमा चिनी नआएकाले स्थानीय बजारमा आपूर्ति गर्न नसकिएको बताउनुभयो।

चाडपर्व नजिकिँदै गर्दा चिनीको मूल्य बढेपछि त्यसको प्रत्यक्ष प्रभाव मिठाई व्यवसायमा समेत परेको छ। भरत दही तथा मिठाई पसलका सञ्चालक अखिलेश गुप्ताले चिनीको मूल्यवृद्धिले मिठाई पसलको लागतसमेत बढाएको बताउनुभयो।

*चिनी मिल पुनःसञ्चालनको सम्भाव्यता अध्ययन*

यसैबीच, सरकारले गठन गरेको वीरगन्जस्थित चिनी मिल कारखाना अध्ययन कार्यदलले मिल क्षेत्रको स्थलगत अध्ययन गरेको छ।

राष्ट्रिय समाचार समितिका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सिनियर डिभिजन इन्जिनियर (सिडिई) श्रीकान्त यादवको संयोजकत्वमा रहेको कार्यदलले पिपरास्थित मिलको स्थलगत अनुगमन गरेको हो।

अनुगमनका क्रममा कारखाना भवनसहितका भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्था र पुनःउपयोगको सम्भावनाबारे अध्ययन गरिएको कार्यदलका संयोजक यादवले बताउनुभयो।

सरकारले भदौ १ गते उक्त कारखाना पुनःसञ्चालनको सम्भाव्यता अध्ययन गर्न यादवको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। कार्यदलमा आपूर्ति मन्त्रालयका शाखा अधिकृत ज्योति पौडेल र मन्त्रालयका सल्लाहकार श्याम शर्मा सदस्य छन्।

कार्यदलले १५ दिनभित्र कारखानाको वर्तमान अवस्था अध्ययन गरी पुनःसञ्चालनको सम्भाव्यता र आवश्यक कार्ययोजना तयार गर्नेछ। त्यसपछि सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाउनेछ।

# सिरहामा ५५ किलो गाँजासहित युवक पक्राउ





दैनिक समाचारदाता

सिरहा, १० भदौ । सिरहा प्रहरीले ५५ किलो लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ ।

गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले बुधबार बिहान करिब साढे ३ बजे नैनपुरबाट मुसहरनियातर्फ जाँदै गरेको मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा गाँजा बरामद गरेको हो । प्रहरीका अनुसार मोटरसाइकलमा तीन वटा बोराभित्र राखेर गाँजा ओसारपसार गरिरहेको अवस्थामा सिरहाको औरही गाउँपालिका-४ का २८ वर्षीय विक्रम यादव पक्राउ परेका हुन् । प्रहरीले यादवले चलाएको प्रदेश नम्बर २-०१-००४ प ८३६४ नम्बरको मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ । पक्राउ परेका यादवलाई मोटरसाइकलसहित इलाका प्रहरी कार्यालयमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

# मुक्त हरवाचरवाको धर्ना सुरु



दैनिक समाचारदाता

जनकपुरधाम, १० भदौ । मुक्त हरवाचरवाको पहिचान, अधिकार र दिगो पुनर्स्थापनाको माग गर्दै जनकपुरधाममा आजदेखि सुरु भएको अनिश्चितकालीन धर्नाप्रति विभिन्न दलित अधिकार तथा नागरिक संघसंस्थाले ऐक्यबद्धता जनाएका छन्।

'पहिचान हाम्रो आधार, पुनर्स्थापना हाम्रो अधिकार' भन्ने मूल नारासहित मुक्त हरवाचरवा संघर्ष समितिले मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि अनिश्चितकालीन धर्ना सुरु गरेको हो।

माग सम्बोधन गर्न ११ दिनअघि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री समक्ष अल्टिमेटमसहित ज्ञापनपत्र बुझाए पनि ठोस पहल नभएपछि आन्दोलन थप सशक्त बनाइएको संघर्ष समितिले जनाएको छ। भदौ ९ गते मधेश प्रदेशका आठवटै जिल्लाबाट हजारौं मुक्त हरवाचरवा जनकपुरधाममा भेला भई रेल्वे स्टेसनदेखि मुख्यमन्त्री कार्यालयसम्म प्रदर्शन गरेका थिए।

नेपाल सरकारले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य तथा हरवाचरवा मुक्तिको घोषणा गरेको चार वर्ष पुगिसक्दा पनि अधिकांश मुक्त हरवाचरवा भूमि, सुरक्षित आवास, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी तथा आर्थिक पुनर्स्थापनाबाट वञ्चित रहेको अधिकारकर्मीहरूको भनाइ छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवाको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनर्स्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको स्मरण गराउँदै आन्दोलनकारीले त्यसलाई स्पष्ट कार्ययोजना, पर्याप्त बजेट र समयसीमासहित कार्यान्वयन गर्न माग गरेका छन्।

विशेषगरी आठवटै जिल्लामा हरवाचरवाको लगत सङ्कलन तथा प्रमाणीकरण गरी तत्काल परिचयपत्र वितरण गर्न, भूमिहीन परिवारको पहिचान गर्न तथा दिगो पुनर्स्थापनाको योजना लागू गर्न उनीहरूले माग गरेका छन्।

हरवाचरवाको अधिकार र स्वतन्त्रताका लागि मधेश प्रदेशमा लामो समयदेखि कार्यरत राष्ट्रिय दलित नेटवर्क नेपाल, जनचेतना दलित संगम, श्रीपुरराज सामुदायिक विकास केन्द्र, दलित जनकल्याण युवा क्लब र सामुदायिक सुधार केन्द्रले आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन्। ती संस्थाले नागरिक समाज, मानव अधिकारकर्मी तथा न्यायप्रेमी समुदायलाई मुक्त हरवाचरवाको अधिकारका लागि सञ्चालित अभियानमा साथ दिन आह्वान गरेका छन्।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# प्रादेशिक अस्पतालको अस्तित्व जोगाउन स्वास्थ्यकर्मीको माग

## स्थायी दरबन्दी कायम गर्न र ओएण्डएममा अस्पताललाई समेट्न आग्रह; माग पूरा नभए चरणबद्ध आन्दोलनको चेतावनी

दैनिक समाचारदाता
जनकपुरधाम, १० भदौ । जनकपुरधामस्थित प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी कायम गर्नुपर्ने माग गर्दै अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराएका छन्।

संघीयता कार्यान्वयनसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको प्रादेशिक अस्पतालले धनुषासहित आसपासका चार-पाँच जिल्लाका सर्वसाधारणलाई उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको भन्दै कर्मचारीहरूले अस्पतालको संरचना र अस्तित्व कमजोर पार्ने कुनै पनि प्रक्रिया रोक्न माग गरेका हुन्। स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि प्रादेशिक अस्पतालको पहिचान र संरचना क्रमशः कमजोर हुँदै गएको बताएका छन्।

अस्पतालको अस्तित्व नै विलिन हुने अवस्था आएमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको वृत्ति विकासमा समेत असर पर्ने र ठूलो संख्यामा सेवाग्राही सरकारीस्तरको उच्च स्वास्थ्य सेवाबाट वञ्चित हुने जोखिम रहेको उनीहरूको भनाइ छ।



उनीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ मा आवश्यक संशोधन गरी प्रादेशिक अस्पताल जनकपुरको स्थापित अस्तित्व कायम राख्नुपर्ने माग गरेका छन्।

अस्पतालमा रहेका स्थायी दरबन्दी कायम गर्दै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पदस्थापन, सरुवा र बढुवासम्बन्धी व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०७७ अनुसार निरन्तर कायम गर्नुपर्ने उनीहरूको माग छ।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरिरहेको संगठन तथा व्यवस्थापन सर्वेक्षण ( ओएण्डएम) मा प्रादेशिक अस्पताल जनकपुरलाई समेत समेटी अस्पतालको स्तरोन्नति गर्न तथा सोहीअनुसार आवश्यक दरबन्दी र पद संरचना कायम गर्नुपर्ने माग गरिएको छ।

ज्ञापनपत्रमा पहिलो मागका विषयमा प्रादेशिक अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उच्च पदाधिकारीबीच छलफल भई ऐन संशोधनका लागि आवश्यक बुँदासमेत तयार भइसकेको उल्लेख गरिएको छ।

स्वास्थ्यकर्मीहरूले आफ्ना माग यथाशीघ्र सम्बोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग आग्रह गरेका छन्। माग सम्बोधनमा मन्त्रालय गम्भीर नदेखिए सेवाग्राही र सेवाप्रदायक दुवै पक्ष प्रभावित हुने भन्दै उनीहरूले चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन्।

आन्दोलनका कारण स्वास्थ्य सेवामा असहज परिस्थिति उत्पन्न भई सेवाग्राहीमा पर्न सक्ने क्षतिको जिम्मेवारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लिनुपर्ने उनीहरूको भनाइ छ। स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले प्रादेशिक अस्पताल जनकपुरको संस्थागत अस्तित्व जोगाउँदै अस्पताललाई थप व्यवस्थित र स्तरीय बनाउन सरकार तत्काल अघि बढ्नुपर्नेमा जोड दिएका छन्।

# बाढीपीडितका लागि भारत, चीन र विश्व बैंकको सहयोग

## विश्व बैंकबाट २५ अर्ब रुपैयाँसम्म आपत्कालीन सहयोगको प्रस्ताव; भारतले राहत सामग्री र चीनले नगद सहयोग गर्ने

दैनिक समाचारदाता
काठमाडौँ, १० भदौ ।
बाढीबाट प्रभावित नेपालमा उद्धार तथा पुनर्निर्माणका लागि भारत, चीन र विश्व बैंकले तत्काल सहयोगको पहल गरेका छन्।

बाढीको समाचार सार्वजनिक भएलगत्तै बिहान १०:३५ बजे अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग नेपाल हेर्ने विश्व बैंकका राष्ट्रिय निर्देशक डेविड सिस्लेनले विभिन्न स्रोतबाट आपत्कालीन सहयोगस्वरूप २५ अर्ब रुपैयाँसम्म सहयोग गर्न सकिने जानकारी गराएका थिए। दक्षिणी छिमेकी भारतले बाढीपीडितका लागि तत्काल आवश्यक राहत सामग्रीको सूची उपलब्ध गराउन नेपाल सरकारसँग आग्रह गरेको छ।

प्रधानमन्त्री, अर्थमन्त्रीलगायत वरिष्ठ मन्त्रीसँग समन्वय गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले भारतीय सहयोग सामग्री आजै काठमाडौँ ल्याउने तयारी भइरहेको बताउनुभयो।

यस्तै, उत्तरी छिमेकी चीनले पनि तत्काल नगद सहयोग गर्ने भएको छ। त्यसका लागि रकम पठाउने प्रक्रिया सुरु गर्न चिनियाँ राजदूत जाङ्ग माओमिङ्गले अर्थमन्त्रीमार्फत नेपाल सरकारलाई आग्रह गरेका छन्।



छिमेकी मुलुक र दातृ निकायबाट प्राप्त सहयोगको प्रतिबद्धताप्रति सरकारका तर्फबाट आभार व्यक्त गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अन्तरसरकारी समन्वय गरी सहयोगको मोडालिटीबारे छलफल भइरहेको बताउनुभएको छ।

मन्त्रिपरिषद्को आज बसेको बैठकले रसुवा, नुवाकोट र धादिङका प्रभावित पालिकालाई ‘विपद् संकटग्रस्त क्षेत्र’ घोषणा गरेपछि घरेलु तथा बाह्य सहयोग जुटाउने बाटो खुलेको हो।

# मधेश प्रहरीलाई सुरक्षा सामग्री हस्तान्तरण

दैनिक समाचारदाता
जनकपुरधाम, १० भदौ । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई विभिन्न सुरक्षा सामग्री हस्तान्तरण गर्नुभएको छ।

मधेश प्रदेशको सुरक्षा व्यवस्थापनलाई आधुनिक, प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले ती सामग्री हस्तान्तरण गरिएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालय परिसरमा मंगलबार आयोजित कार्यक्रममा मन्त्री महतोले मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक (डीआईजी) ओमप्रसाद अधिकारीलाई सिसिटिभी प्रणाली मर्मतसम्बन्धी सामग्री, मेटल डिटेक्टर, वाल थ्रो गेटलगायत सुरक्षा सामग्री हस्तान्तरण गर्नुभएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले मधेश प्रदेशमा शान्तिसुरक्षा तथा सुव्यवस्था कायम गर्न नेपाल प्रहरीलाई



आवश्यक स्रोतसाधन र प्रविधियुक्त उपकरण उपलब्ध गराइएको बताउनुभयो।

उहाँले हस्तान्तरण गरिएका सामग्रीको उचित संरक्षण, नियमित मर्मतसम्भार र पारदर्शी उपयोगमा विशेष ध्यान दिन प्रहरीलाई आग्रह गर्नुभयो। प्रदेश सरकार गठन भएदेखि नै शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षा निकायको क्षमता अभिवृद्धिका लागि मन्त्रालयले निरन्तर सहयोग गर्दै आएको उहाँले बताउनुभयो।

मन्त्री महतोले सुरक्षा व्यवस्थापन केवल सुरक्षा निकायको मात्र जिम्मेवारी नभएको बताउँदै प्रदेश सरकार, सुरक्षा निकाय, प्रशासनिक संयन्त्र, स्थानीय तह तथा सञ्चार क्षेत्रबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो। यस्तो समन्वयबाट मात्रै नागरिकलाई सुरक्षित र विश्वसनीय वातावरण प्रदान गर्न सकिने उहाँको भनाइ थियो।


कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं डीआईजी ओमप्रसाद अधिकारीले नेपाल प्रहरीले नागरिक सेवालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो। उहाँले प्रहरीलाई प्रविधिमैत्री बनाउने सवालमा मधेश प्रदेश सरकारले गर्दै आएको योगदान सराहनीय रहेको बताउनुभयो।

## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं ।
- प्रविधिको सही प्रयोग गरौं, मानवीय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४